आज मिति २०७९ साल जेष्ठ महिना ३१ गते का दिन विहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेशचन्द श्रेष्ठ ज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख |
| २. | गिता खड्का | नगर उप प्रमुख |
| ३. | पदम लाल मगर | १ नं. वडाध्यक्ष |
| ४. | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष |
| ५. | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष |
| ६. | भुपेन्द्र सिं तामाङ्ग | ४ नं. वडाध्यक्ष |
| ७. | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष |
| ८. | प्रेम बहाादुर मगर | ६ नं. वडाध्यक्ष |
| ९. | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष |
| १०. | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष |
| ११. | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष |
| १२. | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष |
| १३. | अनन्त हायु | ११ नं. वडाध्यक्ष |
| १४. | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष |
| १५. | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष |
| १६. | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष |
| १७. | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य |
| १८. | भगवती अधिकारी | कार्यपालिका सदस्य |
| १९. | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य |
| २०. | गिता कुमारी गिरी | कार्यपालिका सदस्य |
| २१. | सम्झना मुरी मगर | कार्यपालिका सदस्य |
| २२. | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य |
| २३. | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य |
| २४. | जितेन्द्र बराईली | कार्यपालिका सदस्य |
| २५. | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत |
| २६. | दिलिप कुमार श्रेष्ठ | लेखा अधिकृत |
| २७. | मोहन बहादुर पौडेल | शाखा अधिकृत |
| २८. | रोशन कार्की | सुचना प्रविधि अधिकृत |
| २९. | युवराज मगर | खरिदार |
| ३०. | सुदिप श्रेष्ठ | सहायक कम्प्यूटर अपरेटर |

प्रस्तावहरु

१. नमूना विद्यालय बनाउने सम्बन्धमा

२. वडा नं. ११ को अधुरो स्वास्थ्य भवन निर्माण सम्बन्धमा

३. छात्रबृत्ती सम्बन्धमा

४. उद्यमशिल तालीम सञ्चालन सम्बन्धमा

५. बेरुजु फर्छ्यौट सम्बन्धमा

६. बर्थिङ्ग सेन्टर स्थापना सम्बन्धमा

७. बस्ती स्थानान्तरण गर्ने सम्बन्धमा

८. SIP को योजनाको म्याद थप सम्बन्धमा

९. सोरुङ्ग घटना सम्वन्धमा

१०. खेलकुद सम्बन्धमा

११. सब बहान खरिद सम्बन्धमा

१२. वडा कार्यालय भवन मर्मत तथा निर्माण सम्बन्धमा

१३. खानेपानी सम्बन्धमा

**निर्णय नं. १**

कटारी नगरपालिका क्षेत्र भित्रका सम्भावना बोकेका सामुदायिक विद्यालयहरु मध्ये वडा कार्यालयवाट छनौट भई आएको एक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं. २**

वडा नं. ११ को अधुरो स्वास्थ्य भवन निर्माणका लागि निर्माण कम्पनीले समयमा निर्माण कार्य सम्पन्न नगरेको हुदाँ साथै बारम्बार सम्पर्क गर्दा सम्पर्कमा नआएको हुदाँ सम्बन्धित निर्माण कम्पनीको ठेक्का प्रकृया रद्द गरी आ.व. २०७९/८० मा आवश्यक बजेट विनियोजन गर्ने र बाँकी निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस कटारी नगरपालिका भित्र अति विपन्न परिवारका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उच्च तहमा प्राविधिक शिक्षा (डाक्टर, ईन्जिनियर, पाईलट, कृषि विज्ञ, वकिल आदी) अध्ययन गर्न कार्यविधि निर्माण गरी छात्रबृत्ति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कटारी नगरपालिका भित्र रहेको वेरोजगार युवाहरुलाई आत्मानिर्भर बनाउनका लागि आवश्यकता र मागको आधारमा रोजगारमूलक उद्यमशिल तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

आर्थिक वर्ष २०७४/०७५ देखि आ.व. २०७७/०७८ सम्म महालेखापरिक्षकको प्रतिवेदनमा कायम रहेको बेरुजु नियमित गर्नु पर्ने भएकाले सम्बन्धित उपभोक्ता समिति, व्यक्ति, संस्था तथा जनप्रतिनिधिहरुलाई वडा कार्यालय मार्फत आवश्यक पहल गर्ने र हाल कार्यरत कर्मचारी तथा निवर्तमान पदाधिकारीहरुको नाममा रहेका असुल उपर गर्नुपर्ने बेरुजु रकम सम्बन्धित व्यक्तिहरुको पाउनुपर्ने सेवा सुविधावाट कट्टा गरी बेरुजु रकम कम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस कटारी नगरपालिका वडा नं. १० मा रेडक्रस सोसाईटीसँग समन्वय गरी भवन उपलब्ध भएमा यथाशिघ्र रुपमा बर्थिङ्ग सेन्टर स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

कटारी नगरपालिका वडा नं. १० को तिल्केचौरको जमीन धसिन गई १७ घरधुरीका बासिन्दाहरुलाई सम्बन्धित निकायहरु मार्फत सुरक्षित स्थानमा स्थानान्तरण गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

कटारी नगरपालिकामा सञ्चालनमा रहेका साना सिँचाई कार्यक्रम (SIP) अन्तर्गतका तपशिल बमोजिमका आयोजनाहरुको समयसीमा २०७९/०१/१९ मा सकिएको तर अन्तिम काम सम्पन्न भइनसकेकोले सो आयोजनाको म्याद मिति २०७९/०७/१९ गते सम्म थप गरी यथाशिघ्र काम सम्पन्न गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| १. सिंगापुरे सिंचाई कुलो जल उपभोक्ता संस्था | वडा नं. ७ |
| २. हडैया साना सिंचाई आयोजना जल उपभोक्ता संस्था | वडा नं. ३ |
| ३. ठुलो मझुवा सिंचाई योजना जल उपभोक्ता संस्था | वडा नं. ४ |
| ४. सोमबारे रानाकुलो, बाँकेटार चुहाडे सिँचाई जल उपभोक्ता समिति | वडा नं. ६ |

**निर्णय नं. ९**

मिति २०७९ साल बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको क्रममा यस कटारी नगरपालिका वडा नं. १० सोरुङ्गमा भएको घटनामा मृत्यु भएका स्व. वीर बहादुर कटुवाललाई मिति २०७९/०२/०२ मा भएको सर्वदलिय सर्वपक्षीय बैठकले नगरपालिकाबाट क्षतिपूर्ति स्वरुप रु. १०,००,०००।- दिनुपर्ने निर्णय गरिएकोमा नगरपालिकावाट रु. ५१,०००।- थप गरी रु. १०,५१,०००।- सो मृतकको परिवारलाई आगामी आर्थिक वर्षमा प्रदान गर्नुका साथै उक्त घटनामा घाईते भएका मोहन श्रेष्ठलाई उपचार खर्चको रुपमा रु. १,००,०००।- प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

नगरमा हुने विभिन्न खेलकुद कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक कार्यविधि तयार गरी नगरस्तरीय खेलकुद विकास समिति गर्ने र सोही समितिले सम्पूर्ण खेलकुदका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

नगरपालिका भित्र बेवारिसे शबहरुको व्यवस्थापन गर्नका लागि आगामी आ.व. २०७९/८० मा एक शब बहान खरिद गर्ने र आवश्यक कार्यविधि तयार गरी सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

आगामी आर्थिक वर्ष २०७९/८० भित्र यस कटारी नगरपालिका अर्न्तगत रहेको वडा कार्यालयहरुको जिर्ण भवनहरु मर्मत गर्नुका साथै वडा कार्यालयहरुको आफ्नो भवन नभएको स्थानमा भवन निर्माण गर्न नगरपालिकाको साझेदारी रहने गरी आवश्यक बजेट विनियोजन तथा अन्य निकायमा समेत माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

नगरपालिका भित्र संचालनमा रहेको तेस्रो साना शहरी खानेपानी आयोजनाको महशुल उच्च रहेको जनगुनासो आएकाले सम्बन्धीत निकायसँग छलफल गरी महशुल समायोजन गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।